जोसँग कुर्बानी (वध) का लागि जनावर छ र उसले कुर्बानी गर्ने नियत राखेको छ, उसले जिल-हिज्जा महिनाको चन्द्रमा देखेपछि कुर्बानी नगर्दासम्म आफ्नो शरीरको कुनै पनि कपाल र नङ काट्नु हुँदैन।

मुस्लिमहरूकी आमा, नबी (सल्लल्लाहु अलैहि वसल्लम) की पत्नी उम्मे सलमा (रजियल्लाहु अन्हा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "जोसँग कुर्बानी (वध) का लागि जनावर छ र उसले कुर्बानी गर्ने नियत राखेको छ, उसले जिल-हिज्जा महिनाको चन्द्रमा देखेपछि कुर्बानी नगर्दासम्म आफ्नो शरीरको कुनै पनि कपाल र नङ काट्नु हुँदैन।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आदेश दिनुभएको छ कि जसले कुर्बानी गर्ने इच्छा राख्छ, उसले जुल-हिज्जा महिनाको चन्द्रमा देखेपछि कुर्बानी सम्पन्न नगरेसम्म आफ्नो टाउकोको कपाल, काखीका रौँ, जुँगा तथा हातखुट्टाका नङहरू नकटाओस्।

http://sunnah.global/hadeeth/ne/show/8954